जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक २४७ | २०७८ साल बैशाख २२ गते बुधबार (5 May 2021 Wednesday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सख्यासँगै दायरा बढाउँद.. ३ पृष्ठमा : मुलुकमा पहिलो अभ्यास ... ३ पृष्ठमा भारतमा कोभिड-१९ संक्रक्रमितको...

# सप्तरीमा ५३ जनाको पिसिआर परिक्षण रिपोर्ट मध्ये ४० जनामा कोरोना संक्रमणको पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

सप्तरीमा दिनानुदिन संक्रमितको संख्या बढ्दै गएको छ । मंगलबार सप्तरीमा ५३ जनाको पिसिआर परिक्षण रिपोर्ट मध्ये ४० जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै जिल्लामा संक्रमितको संख्या १ सय ७२ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

जसमध्ये सर्वाधिक राजविराज नगरपालिकाका १४ जना संक्रमित भेटिएका छन् । राजविराज वडा नं. २ मा २, वडा नं. ३ मा ३, वडा नं. ४ मा २, वडा नं. ५ मा २, वडा नं. ७ मा १, वडा नं. ८ मा ३ र वडा नं. १६ मा १ जना संक्रमित भएका छन् ।

यसैगरी रुपनी गाउँपालिका वडा नं. १ का ३ र २ का १ जना, राजगढ गाउँपालिका वडा नं. ३ का १ जना, तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ का ३ र ८ का १ जना, कञ्चनरुप नगरपालिका वडा नं. २ का ४ जनामा संक्रमण पुष्टि भएको छ ।

यस्तै जिल्लाकै सप्तकोशी नगरपालिका वडा नं. १ का २ जना, डाक्नेश्वरी नगरपालिका वडा नं. ९, ७ र १० का १/१ जना, बोदेबरसाइन नगरपालिका वडा नं. ४ र ६ का १/१ जना, महादेवा गाउँपालिका वडा नं. ३ का २ जना तथा वडा नं. ४ का ३ र खडक नगरपालिका वडा नं. ४ का १ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

मंगलबार संक्रमण पुष्टि

*बाँकी दुई पृष्ठमा*

# सप्तरीका एक शिक्षकसहित दुई संक्रमितको उपचारका क्रममा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

सप्तरीका एक शिक्षकसहित दुई जना कोरोना संक्रमितको मंगलबार उपचारका क्रममा मृत्यु भएको छ ।

योसँगै सप्तरीमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ४५ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यसरी मृत्यु हुनेहरुमा जिल्लाको सप्तकोशी नगरपालिका वडा नं. १ स्थित राष्ट्रिय माध्यमिक विद्यालयमा कार्यरत ४५ वर्षीय शिक्षक र हनुमाननगर कंकालीनी नगरपालिका वडा नं. २ का ३५ वर्षीय पुरुष रहेका छन् ।

सप्तकोशीका शिक्षकको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानस्थित कोभिड-१९ अस्पतालमा मृत्यु भएको अस्पताल श्रोतले जनाएको छ । उनलाई बैशाख ८ गते उच्च ज्वरो तथा

*बाँकी दुई पृष्ठमा*

# कर्मचारी संक्रमित भएपछि राजविराज नगरपालिका बन्द

**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

राजविराज नगरपालिकाका एक कर्मचारीमा कोरोना संक्रमणको पुष्टि भएपछि नगरपालिकाको अति आवश्यक सेवाहरु बाहेक सम्पूर्ण सेवाहरु मंगलबारदेखी बन्द गरिएको छ ।

नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवद्वारा मंगलबार जारि विज्ञप्तिमा नगरपालिका तथा सिटिइभिटीद्वारा संचालित राजविराज पोलिटेक्निक इन्स्टीच्युटमा कार्यरत कर्मचारी

*बाँकी दुई पृष्ठमा*

# कोरोना भाइरसको संक्रमणबाट नेपालमा एकै दिन ५५ को मृत्यु

**दैनिक समाचारदाता**
**काठमाडौं, २१ बैशाख ।**

मंगलबार एकै दिन ५५ जनाको मृत्यु भएसँगै नेपालमा कोरोना भाइरस संक्रमणका कारण मंगलबारसम्म ३ हजार ४ सय १७ जनाको मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मंगलबार विवरण सार्वजिनक गर्दै सोमबार ३७ जना र आइतबार २७ जनाको मृत्यु भएको जनाएको छ ।

यस्तै पछिल्लो २४ घण्टामा ७ हजार ६ सय ६० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । जसमध्ये १६ हजार १ सय ३१ पीसीआर परीक्षणमा ७ हजार ५ सय ८७ र ५ सय ७१ एन्टिजेन परीक्षणमा ७३ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ ।

मंगलबारसम्म देशभर सक्रिय संक्रमितको संख्या ५९ हजार ७९८ रहेको छ । जसमध्ये ५५ हजार ५२० जना होम आइसोलेसनमा र संस्थागत आइसोलेसनमा चार हजार २७८ जना रहेका छन् । मंगलबार ६१६ जना आईसीयूमा र १७९ जना भेन्टिलेटरमा उपचाररत छन् ।

नेपालमा मंगलबारसम्म कोरोना भाइरस संक्रमण हुनेको संख्या तीन लाख ५१ हजार पाँच पुगेको छ । जसमध्ये दुई लाख ८७ हजार ७९० जना संक्रमणमुक्त भएका छन् । पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणमुक्त हुनेको संख्या एक हजार ७७५ रहेको छ ।

रुपन्देहीमा ३६९ जना, कास्कीमा २४७ जना, मोरङमा २४६ जना, चितवनमा २२६ जना र दाङमा २०१ जनामा कोरोना संक्रमित थपिएका छन् ।

यस्तै बाँकेमा १९२, झापामा १७४, कैलालीमा १४०, सुनसरी र सुर्खेतमा १२४/ १२४ जना, काभ्रेपलाञ्चोकमा ११७, पर्सामा ११२, धनुषामा १०४ जनामा कोरोना संक्रमित थपिएका छन् ।

यस्तै नुवाकोटमा ८३, धादिङमा ७५, मकवानपुरमा ६९, महोत्तरीमा ६५, कपिलवस्तुमा

*बाँकी तीन पृष्ठमा*





विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## सम्पादकीय ....

### स्वास्थ्य मापदण्ड नै अन्तिम विकल्प

दक्षिण ऐशियाको दुई मुलुक भारत र नेपाल अहिले कोरोना महामारीसँग जुद्धिरहेका छन् । गत वर्ष चैत ११ गतेदेखी नेपालमा महामारीले तिब्र रुप लिन थालेपछि लकडाउन गर्नु पर्ने बाध्यता आएको थियो । अहिले कोरोनको दोश्रो लहर चलिरहँदा मुलुकको ४१ भन्दा बढी जिल्लामा पूर्ण लकडाउन गरिएको छ भने केही जिल्लामा आंशिक लकडाउन गरिएको छ । यसरी अहिले मुलुकभरि कोरोना महामारीका कारण मानिसहरु त्रसित छन् । दिनहुँ नेपालमा सयौं संख्यामा संक्रमितहरु भेटिदैछन् भने एकदेखी डेढ दर्जन व्यक्तिहरुले कोरोनाका ज्यान गुमाउनु परेको अवस्था छ ।

यसरी महामारीका कारण उच्च जोखिममा रहँदा रहँदै पनि मानिसहरु अझै सचेत हुन सकिरहेका छैनन् । मानिसहरुले सरकारले तोकेको न्युनतम स्वास्थ्य मापदण्ड समेत पालना गर्न नसक्दा अहिले महामारी समुदाय स्तरमा फैलिन गएको छ । सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्न सकिए पक्कै पनि हामी कोरोनालाई परास्त गर्न सक्छौं भन्ने सन्देश आममानिसले मनन् गर्न सक्नु पर्छ । होइन भने यसले विकराल रुप लिन सक्ने अवस्था समेत आउन सक्ने कुरामा दुई मत नहोला ।

तसर्थ कोरोनालाई परास्त गर्न सम्पूर्ण आमजनताले सरकारले तोकेको स्वास्थ्य मापदण्डको अनिवार्य रुपमा पालना गर्न अति आवश्यक रहेको छ । यसले नै हामी सबैको कल्याण गर्न सक्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सख्यासँगै दायरा बढाउँदै दोस्रो लहरको कोरोना

काठमाडौँ, २१ वैशाख (रासस) ।

वैशाखको पहिलो साता बागलुङको बलेवास्थित नारायणस्थानको एक विद्यालयमा ठूलो सङ्ख्याका विद्यार्थी र शिक्षकमा एक्कासी कोभिड-१९ देखिएको खबर आयो ।

सङ्क्रमणको जालो च्यात्न तत्कालै त्यहाँको स्थानीय प्रशासनले स्कुल र स्कुलसँग जोडिएको परिवार बसोबास गर्ने क्षेत्र तोकेर वैशाख ७ गते निषेधाज्ञा नै जारी गर्‍यो । बागलुङ्का प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्की उक्त घटना स्मरण गर्दै भन्नुहुन्छ, "हामीले 'चेन ब्रेक' गर्न तत्कालै उक्त निर्णय गरेका थियौँ, त्यो सफल भएको अनूभूति पनि छ ।" उहाँका अनुसार अहिले जिल्लामा सक्रिय सङ्क्रमित १०९ जना छन् । ती विद्यार्थीमध्ये धेरै निको भएर घर गएसकेका छन् ।

बागलुङपछि कालिकोटमा वैशाख ९ गते एक जनामा सङ्क्रमण देखियो । उनीसँग सम्पर्कमा रहेका व्यक्तिको परीक्षण गर्दा १० गते थप चार जनामा देखिएपछि सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को अधिकार प्रयोग गर्दै प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले क्षेत्र तोकेर हिँडडुल गर्न नपाउने गरी आदेश जारी गर्नुभयो । उक्त अधिकार वैशाख ६ गते बसेको मन्त्रिपरिषदको निर्णयले प्रजिअलाई दिइसकेको थियो ।

त्यसबेलासम्म मुलुकका अन्य केही जिल्लामा सङ्क्रमितहरू बढ्दै थियो । भारतमा भयावहस्थिति आइसकेकाले त्यहाँबाट फर्किएका मानिस विना परीक्षण गाउँगाउँ पुगिरहेका थिए । विडम्बना के छ भने उनीहरूबाटै नेपालमा यो भाइरस फैलिन पुगेको जनस्वास्थ्यविद् बताउँछन् ।

त्यसको दुई हप्ता पुग्दै सोमबारसम्म ४१ जिल्लामा निषेधाज्ञ जारी भइसकेको छ । यो क्रम दैनिक बढिरहेको छ । आदेश जारी भएका जिल्लामा अत्यावश्यक बाहेकका सेवा र गतिविधि गर्न पाइँदैन । यसो गर्दा सङ्क्रमण फैलिनबाट रोकिएर 'चेन ब्रेक' हुन्छ भन्ने विश्वास छ ।

मुलुकमा नयाँ भेरियन्टसहित दोस्रो लहरको कोभिड-१९ सङ्क्रमणमा भइरहेको भारी वृद्धिसँग यसको क्षेत्र पनि विस्तार भइरहेको हाल जारी गरिएको निषेधाज्ञले पुष्टि गर्छ ।

स्वास्थ्य विज्ञले छिटो गतिमा सङ्ख्या र क्षेत्र विस्तार भइरहेको बताएका छन् । शुरुवाती चरणमा शहरबजारमा बढी सङ्क्रमित देखिएकामा अहिले भित्र बजार तथा गाउँगाउँमा समेत देखिन थालेकाले जोखिम बढ्दै गएको छ । जसका कारण अहिले अस्पतालमा आइसियु, भेन्टिलेटर र अक्सिजन पाउन समेत समस्या भइरहेको छ । वर्तमान विषम परिस्थितिमा बढ्दो जोखिमको आँकलन गरेर उपयुक्त आदेश जारी गर्दै नियन्त्रणमा खटिन ७७ वटै जिल्लालाई निर्देशन दिइसकिएको गृह मन्त्रालयलका प्रवक्ता जनकराज दाहाल बताउनुहुन्छ ।

सरकारले सङ्क्रामक रोग नियन्त्रण ऐन, २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौँ उपत्यका तथा तराईमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्र तोकी प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा वा अन्य आवश्यक आदेश जारी गर्न सक्ने अधिकार दिइसकेको छ ।

नेपालमा विसं २०७७ फागुनपछि विस्तारै दोस्रो लहरको सङ्क्रमणले गति लिएको थियो । चैतको अन्तिमसम्म केही सय सङ्क्रमित देखिएकोमा वैशाखको पहिलो साताबाट एक्कासी बढ्न थालेको हो ।

"सङ्क्रमित सबै जिल्लामा देखिएका छन् तर एक्कासी सङ्क्रमित बढ्ने क्षेत्र पनि विस्तार भइरहेको छ", स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले भन्नुभयो, "विस्तारै गाउँगाउँ र भित्री शहरमा बढ्दो छ ।" उहाँले सङ्ख्यासँगै त्यसको दायरा पनि बढ्दै गएको बताउनुभयो ।

वैशाख १३ गतेदेखि भने धमाधम प्रजिअबाट निषेधाज्ञा जारी गर्ने क्रम ह्वात्तै बढ्यो । बाँकेको नेपालगञ्ज नराम्ररी प्रभावित भएपछि १३ गतेबाटै लागू हुने गरी निषेधको आदेश जारी गरिएको थियो । सुर्खेतमा १४ गते रातीबाट आदेश जारी भयो । वैशाख १६ गतेबाट काठमाडौँ उपत्यकाका तीन जिल्लालगायत विभिन्न जिल्लाले निषेधाज्ञा जारी गरे । आइतबार विहानसम्म यसरी आदेश जारी गर्ने जिल्ला ४१ वटा पुगेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको शनिबारसम्मको अभिलेख अनुसार प्रदेश १ को मोरङ, प्रदेश २ को पर्सा, वागमती प्रदेशको काठमाडौँ, भक्तपुर, ललितपुर र चितवन, गण्डकी प्रदेशको कास्की, लुम्बिनी प्रदेशको दाङ, बाँके र रुपन्देही, कर्णाली प्रदेशको सुर्खेत र सुदुरपश्चिम प्रदेशको कैलालीमा ५०० भन्दाबढी सक्रिय सङ्क्रमित छन् ।

यस्तै २०० भन्दा माथि सक्रिय सङ्क्रमित रहेका जिल्लामा प्रदेश १ को सुनसरी र झापा, प्रदेश २ को बारा, धनुषा र रौतहट, वागमती प्रदेशको मकवानपुर, काभ्रेपलाञ्चोक र नुवाकोट, गण्डकी प्रदेशको गोरखा, नवलपरासी पूर्व र बाग्लुङ, लुम्बिनी प्रदेशको पाल्पा, बर्दिया, कपिलवस्तु र नवलपरासी पश्चिम तथा सुदुरपश्चिम प्रदेशको कञ्चनपुर छन् । यी दुई सय सक्रिय सङ्क्रमित रहेका जिल्लामा क्रमश ५०० माथि पुग्ने क्रम जारी छ भने २०० भन्दा कम सक्रिय सङ्क्रमित रहेका जिल्लामा पनि क्रमश वृद्धि भइरहेको छ ।

सङ्क्रामक रोग विशेषज्ञ डा अर्चना श्रेष्ठका अनुसार पछिल्लो तथ्याङ्कले नेपालमा २२८ प्रतिशतले सङ्क्रमण वृद्धि भइरहेको देखाएको छ । यो गति विश्वका अन्य मुलुकको भन्दा उच्च हो र भारतको भन्दा बढी हो, भन्नुहुन्छ श्रेष्ठ । विज्ञहरू नागरिक आफैँ सचेत नहुने हो भनेस्थिति थेग्न गाह्रो हुने आँकलन गर्न थालिसकेका छन् । स्वास्थ्य मन्त्रालयले विज्ञप्ति नै जारी गरेर अस्पतालले थेग्न नसक्ने अबस्था आउन लागिसकेको भन्दै चेतावनी दिइसकेको छ ।

मुलुकमा शनिबारसम्म तीन लाख २८ हजार ८९३ जना सङ्क्रमित भएकामा दुई लाख ८२ हजार निको भएर घर फर्किएका छन् । निको हुने दर झण्डै ८६ प्रतिशत छ । यो प्रतिशत पछिल्लो समयमा घट्दो क्रममा रहेको छ । हालसम्म झण्डै तीन हजार ३०० को मृत्यु भइसकेको छ ।

विश्वमा भने १५ करोड २० लाख बढी सङ्क्रमित भएकामा झण्डै ३२ लाखको मृत्यु भइरहेको छ । हाल झण्डै दुई करोड सक्रिय सङ्क्रमित छन् ।

**नेपालमा सङ्क्रमणको शुरुआत**

चीनको वुहान नै कोभिड १९ सङ्क्रमणको मुहान मानिन्छ । त्यहाँबाट आएका एक नेपालीमा विसं २०७६ माघ ९ मा कोभिड-१९ पुष्टि भएको थियो । चीनबाट आएपछि उनी पुस १६ मा चिकित्सकको सम्पर्कमा गएकामा पुस २८ गते भर्ना भएका थिए । माघ ९ गते उक्त भाइरस रहेको पुष्टि गरिएको थियो । पुष्टि गर्न विश्वस्वास्थ्य सङ्गठनको हङ्कङस्थित प्रयोगशालामा परीक्षण गराउनु परेको थियो ।

त्यसपछि फ्रान्सबाट कतारको दोहो हुँदै नेपाल आएकी युवतीमा चैत १० मा दोस्रो कोभिड-१९ पुष्टि भएको थियो । उहाँ चैत ४ गते नेपाल आउनुभएको थियो । चैत १२ गते तेस्रो व्यक्तिमा देखिएको थियो ।

पहिलोपटक चीनको वुहानमा सन् २०१९ को डिसेम्बर ३१ मा कोभिड-१९ मानिसमा लागेको पुष्टि भएको थियो । त्यसपछि युरोप हुँदै अमेरिकामा फैलिएको रोग भारतपछि भने नेपालमा फैलिएको हो । सङ्क्रमणको जोखिम बढेपछि मुलुकमा २०७६ चैत १० बाट हवाई उडान बन्द र ११ गतेबाट बन्दाबन्दी जारी गरी नियन्त्रणको प्रयास भएको थियो ।

विसं २०७७ साउन सात गतेबाट बन्दाबन्दी हटाइएको थियो । त्यसपछि सम्बन्धित जिल्लाबाट निषेधको आदेश जारी गरी नियन्त्रणको प्रयास गरिएको थियो । सोही प्रक्रियाद्धारा अहिले पनि नियन्त्रण प्रयास जारी छ ।

सन् २००२ मा चीनमा सार्स कोरोना देखिएको थियो । त्यसको पुष्टि २००३ मा डब्लुएचओले गर्‍यो । त्यहाँ आठ हजार जनामा सङ्क्रमण भएकामा ७७४ को मृत्यु भएको थियो । सन् २०१२ मा साउदी अरबमा मर्स कोरोनाको सङ्क्रमण हुँदा मृत्युदर ३५ प्रतिशत थियो । सार्सको मृत्युदर १० प्रतिशत थियो । सन् २०१५ मा दक्षिण कोरियामा पनि देखिएको थियो । अहिलेको मृत्युदर भने तीन प्रतिशत रहेको यसअघि नै विश्वस्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको थियो ।

**कोरोनाको असर र सावधानीका उपाय**

कोरोना भाइरसले रुघाखोकीदेखि गम्भीर प्रकारको स्वासप्रश्वासको समस्या निम्त्याउन सक्छ । नयाँ भाइरस भएकाले खास उपचार विधि पत्ता लागिसकेको छैन । शुरुवाती चरणको भन्दा अहिलेको सङ्क्रमण कडा खालको र बढी फैलने रहेको चिकित्सकले बताएका छन् ।

यसको निदानका लागि अहिले पनि विश्वका वैज्ञानिक औषधिको खोजीमा लागिरहेका छन् । कतिपय खोप प्रयोगमा समेत आइसकेको छ । शुरुमा जनावरबाट मान्छेमा आएको यो भाइरस पछिल्लो समयमा मान्छेबाट मान्छेमा सरेको विश्वस्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले पुष्टि गरिसकेको छ ।

यसको मुख्य लक्षण भनेको ज्वरो आउनु, सास फेर्न अफठ्यारो हुनु र छातीमा सङ्क्रमण हुनु हो । रुघाखोकी जस्तै लक्षण देखिने भाइरस श्वासप्रश्वासबाट, एक जनाले प्रयोग गरेको सामान वा रुमाल प्रयोग गर्दा, हात मिलाउँदा सर्नसक्छ ।

यसको नियन्त्रणका लागि तत्कालै पहिचान गर्ने, त्यसलाई व्यवस्थापन र निदानात्मक उपाय अपनाउने, सङ्क्रमित व्यक्तिको नजिकका मान्छे खोजेर उनीहरूको निगरानी गर्ने जस्ता उपाय अपनाउनुपर्ने चिकित्सकको सुझाव छ ।

धेरै भीडमा नजाने, व्यक्तिगत सुरक्षा र सरसफाइमा ध्यान दिने, साबुन पानीले राम्ररी हात धुने, नियमित मास्क लगाउने, दुई मिटर टाढाको सामाजिक (भौतिक) दूरी कायम गर्दा रोगबाट बच्न सकिने बताइन्छ ।

## सप्तरीमा ५३ जनाको ...

भएकाहरुमध्ये एक जना पत्रकार र स्वास्थ्यकर्मीसमेत रहेका छन् । यसअघि अघिल्लो दिन सोमबार ६५ जनाको परिक्षण गर्दा ४१ जनामा कोरोना संक्रमणको पुष्टि भएको भोलिपल्टै मंगलबार ५२ जनाको परिक्षण गर्दा ४० जनामा संक्रमण पुष्टि भएपछि अहिले स्थानिय त्रसित भएका छन् ।

## सप्तरीका एक ...

स्वासप्रश्वासमा समस्या भएपछि अस्पताल भर्ना गरिएको थियो ।

यस्तै हनुमाननगर कंकालिनीका ३५ वर्षिय पुरुषलाई कोरोना पुष्टि भएपछि उपचारका लागि वैशाख १७ गते विराटनगरस्थित नोबेल अस्पतालमा भर्ना गरिएको तथा सोही अस्पतालमा उपचारकै क्रममा उनको मृत्यु भएको अस्पतालका प्रबन्धक नारायण दाहालले जानकारी दिएका छन् ।

## कर्मचारी संक्रमित ...

संक्रमित भएको उल्लेख छ ।

यस्तै विज्ञप्तिमा कर्मचारी संक्रमित भएकोले नगरकार्यपालिकाको कार्यालयको कर्मचारीहरु समेत प्रभावित भई परिक्षण गर्नुपर्ने भएकोले अर्को सूचना प्रकाशन नहुन्जले सम्मका लागि अति आवश्यक सेवाहरु बाहेक सम्पूर्ण सेवाहरु बन्द रहने जनाइएको छ ।

# मुलुकमा पहिलो अभ्यास : विपद्को पुनःस्थापन अनुदान वितरण शुरु

काठमाडौँ, २१ वैशाख (रासस)। मुलुकमा पहिलो अभ्यासस्वरुप कार्यविधि नै तयार पारी मनसुनजन्य विपद्बाट प्रभावित परिवारको पुनःस्थापनका लागि सरकारले अनुदान दिन थालेको छ।

विपद्बाट प्रभावित परिवारको घर पुनःनिर्माण तथा पुनःस्थापनका लागि नेपाल सरकारबाट रु २० करोड रकम प्राप्त भएको र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय र मागका आधारमा उक्त रकम जिल्लामा पठाउन शुरु गरिएको जनाइएको छ।

पहिलो चरणमा आवश्यक प्रक्रिया पूरा गरेका म्याग्दी जिल्लाका २४७ निजी घर पुनःनिर्माण तथा पुनःस्थापनाका लागि प्रथम किस्तास्वरुप सङ्घीय सरकारले व्यहोर्नुपर्ने रु एक करोड आठ लाख ९७ हजार ५०० पठाइएको जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले जानकारी दिनुभयो।

उहाँका अनुसार अहिलेसम्म तीन हजार परिवारमा उक्त कार्यक्रम सञ्चालन गर्ने अनुमान गरिएको छ। उक्त मनसुनजन्य विपद्बाट करिब छ हजार घर प्रभावित भएका थिए। यो कार्यक्रम झण्डै भूकम्पपछिको पुनःनिर्माण कार्यक्रमझैं अघि बढाइने छ।

उहाँका अनुसार अन्य प्रभावित जिल्लामा पनि कार्यविधिका आधारमा रकम पठाउने प्रक्रिया शुरु गरिएको छ। कोभिड-१९ का कारण काम कारवाहीमा प्रभावित हुँदा उक्त कार्य केही ढिलाइ हुन पुगेको हो। उक्त कार्य सफल बनाउन सबै तहका सरकार एवं सरोकारवाला निकायको समन्वय र सहयोगको आवश्यकता रहने प्राधिकरणको भनाइ छ।

विसं २०७७ को मनसुन (जेठ ३०देखि असोज ३०) मा बाढी र पहिरोका कारण धेरै जनधनको क्षति भएको थियो। उक्त विपद्बाट सिन्धुपाल्चोक, बाग्लुङ, दोलखा, अछाम, कालिकोट, नुवाकोट, जाजरकोट, दार्चुला बझाङ, दाङ, गोरखा, मकवानपुर, तनहुँ, अर्घाखाँची, स्याङ्जा, रसुवा, धनकुटा, सङ्खुवासभा, गुल्मी, मोरङलगायत जिल्ला बढी प्रभावित भएको थियो। ती जिल्लामा मानवीय क्षतिसमेत भएको थियो।

उक्त विपद्बाट आवासविहीन भएकाको आवास पुनःनिर्माणमा सहयोग गर्ने उद्देश्यले गृहमन्त्री रामबहादुर थापाको अध्यक्षतामा गत पुस २६ गते बसेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले 'मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्मण तथा पुनःस्थापन अनुदान कार्यविधि २०७७' स्वीकृत गरेपछि कार्यप्रारम्भ गरिएको थियो।

उक्त कार्यविधिअनुसार लाभग्राहीको पहिचान भने स्थानीय विपद् व्यवस्थापन समितिले गर्ने छ। त्यसको अन्तिम सूची जिल्ला विपद् व्यवस्थापन समितिले तयार पार्ने कार्यविधिमा उल्लेख छ। सम्बन्धित वडा र लाभग्राहीबीच सम्झौता भएपछि पुनःनिर्माण तथा पुनःस्थापनको कार्य अघि बढ्ने छ। प्रक्रिया पूरा भएपछि अनुदान रकम कार्य प्रगतिको आधारमा लाभग्राहीको बैंक खातामा उपलब्ध हुनेछ।

**यसरी दिइनेछ अनुदान**

कार्यविधिअनुसार अस्थायी आवास निर्माण अनुदानतर्फ पहिलो र दोस्रो किस्तामा २५/२५ हजारका दरले रु ५० हजार पाउनेछन्। पुनःनिर्माण र पुनःस्थापन अनुदानतर्फ हिमाली जिल्लामा रु ५ लाख दिइने छ। त्यसमध्य पहिलो किस्ता रु ५० हजार, दोस्रो किस्ता रु दुई लाख ५० हजार र तेस्रो किस्ता रु दुई लाख उपलब्ध गराइने छ। पहाडी जिल्लामा रु चार लाख उपलब्ध गराइने छ। जसअनुसार पहिलो किस्ता रु ५० हजार दोस्रो रु दुई लाख र तेस्रो किस्ता रु एक लाख ५० हजारका दरले वितरण हुनेछ।

यस्तै तराईका जिल्लामा रु तीन लाख अनुदान दिइने छ। कार्यविधि अनुसार पहिलो किस्ता रु ५० हजार, दोस्रो किस्ता रु एक लाख ५० हजार र तेस्रो किस्ता रु एक लाख दिइने छ।

घडेरी अनुदानतर्फ कार्य घडेरी पनि नहुनेको हकमा बढीमा रु तीन लाखसम्म अनुदान दिइने प्राधिकरणले जनाएको छ। यस्तै मर्मत तथा प्रवलीकरण अनुदानतर्फ कार्यसम्पन्न भएपछि रु ५० हजार एकमुष्ट दिइने छ। उक्त अनुदान रकम सम्बन्धित स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले संयुक्तरूपमा बेहोर्नेछ। लागत सहभागिताका आधारमा जिल्ला विपद् व्यवस्थापन कोषमा रकम जम्मा भएपछि प्रमुख जिल्ला अधिकारीले सम्बन्धित लाभग्राहीको बैंक खातामा पठाउने कार्यविधिमा उल्लेख छ।

कोषमा गाउँपालिका, नगरपालिका, उपमहानगर/महानगरपालिकाले क्रमशः १०,१५ र २० प्रतिशत तथा प्रदेश सरकारले ३० प्रतिशत र बाँकी सङ्घीय सरकारले खर्च बेहोर्ने छ। सबै समन्वयको काम भने प्राधिकरणले गर्ने प्रवक्ता लिलाधर अधिकारीले जानकारी दिनुभयो।

## *कोरोना भाइरसको ...*

६४, डोटीमा ५०, डडेल्धुरामा ४७, पाल्पामा ४८, बैतडीमा ४२,गोरखामा ३८, बारामा ३६ , नवलपरासी पूर्वमा ३५, दैलेखमा ३४, सप्तरीमा ३३ तथा सर्लाही र सिन्धुलीमा ३२/३२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

यस्तै अछाममा ३०, सिराहा, सिन्धुपाल्चोक र बर्दियामा २८/२८ जना, अर्घाखाँचीमा २७, रौतहट र गुल्मीमा २६/२६ जना, रामेछापमा २४, लमजुङ २३,दोलखामा २२, नवलपरासी पश्चिम २१, तनहुँ र स्याङ्जामा २०/२० जना, जुम्ला र सल्यानमा १८/१८ जना, पर्वत र रोल्पामा १७/१७ जना कोरोना संक्रमित थपिएका छन्।

यसैगरी ओखलढुंगामा १६, प्युठान र कञ्चनपुरमा १२/१२ जना, म्याग्दीमा ११, उदयपुरमा १०, इलाम र रसुवामा ९/९ जना, बागलुङ र जाजजरकोटमा ७/७ जना, ताप्लेजुङ, पाँचथर र संखुवासभा ५/५ जना, रूकुम र कालिकोटमा ४/४ जना कोरोना संक्रमित भेटिएका छन्।

यस्तै खोटाङ, तेह्रथुम, धनकुटामा, सोलुखुम्बु, रूकुम पश्चिम र दार्चुलामा ३/३ जना, डोल्पा र मुगुमा २/२ जना तथा भोजपुर, हुम्ला,बझाङ र बाजुरामा १/१ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

यस्तै ९ वर्ष मुनिका १७४ बालबालिकमा कोरोना संक्रमण देखिएको छ भने १० देखि १९ वर्ष मुनिका उमेर समूहमा ४५२ जना कोरोना संक्रमित भेटिएका छन्।

# सिकाइ निरन्तरताका लागि ठोस योजना ल्याउन माग

काठमाडौँ, २१ वैशाख (रासस)। सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालले कोभिड-१९ को दोस्रो लहरले आक्रान्त पारेका बेला विद्यालय तहमा वैकल्पिक प्रणालीबाट सिकाइ निरन्तरताका लागि ठोस योजना ल्याउन सरकारसँग माग गरेको छ।

स्वास्थ्य असुरक्षाका कारण हाल विद्यालय बन्द रहेको र विद्यार्थीको सिकाइलाई निरन्तरता दिने स्पष्ट वैकल्पिक योजना र कार्यक्रम नरहेको प्रति आम अभिभावक चिन्तित भएको महासङ्घले जनाएको छ। महासङ्घले सो विषयमा यही वैशाख ११ गते शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठलाई ध्यानाकर्षणपत्र बुझाएको तर हालसम्म स्पष्ट सुनुवाइ नभएको उल्लेख गरेको छ।

"शैक्षिकसत्र समयमै पूरा गर्ने र समयमै अन्तिम परीक्षा सम्पन्न गर्ने, गराउने पूर्वशर्त र आकस्मिक शिक्षा कार्ययोजनामा उल्लेख भएअनुसारको वैकल्पिक माध्यमबाट सिकाइ गतिविधि यथाशिघ्र सञ्चालनमा ल्याई विद्यार्थीको सिकाइ निरन्तरताको सुनिश्चितता गर्न माग गर्दछौँ", महासङ्घका अध्यक्ष कृष्ण थापा र महासचिव गुणराज मोक्तानले जारी गर्नुभएको विज्ञप्तिमा जनाइएको छ।




रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## विश्व समाचार

# भारतमा कोभिड-१९ संक्रक्रमितको संख्या दुई करोडभन्दा बढी, दुई लाख २२ हजार ४०८ को मृत्यु

नयाँ दिल्ली, २१ वैशाख (रासस/एएनआई)।

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको कुल सङ्ख्या दुई करोडभन्दा माथि पुगेको छ। पछिल्लो २४ घण्टामा तीन लाख ५७ हजार भन्दा धेरै सङ्क्रमित थपिएसँगै कुल सङ्ख्या दुई करोड नाघेको स्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएको छ।

स्वास्थ्य मन्त्रालयले दिएको पछिल्लो तथ्याङ्कमा २४ घण्टामा तीन लाख ५७ हजार २२९ जना सङ्क्रमित थपिएका छन्। सो अवधिमा तीन हजार ४४९ कोभिड-१९ सङ्क्रमितको मृत्यु भएको छ। मङ्गलबार दिउसोसम्ममा सक्रिय सङ्क्रमितको सङ्ख्या ३४ लाख ४७ हजार १३३ रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भारतमा कुल सङ्क्रमितको सङ्ख्या दुई करोड दुई लाख ८२ हजार ८३३ पुगेको छ भने अहिलेसम्म दुई लाख २२ हजार ४०८ व्यक्तिको सङ्क्रमणका कारण स्वास्थ्यमा आएको जटिलताका कारण मृत्यु भएको छ।

भारतमा हालसम्म १५ करोड ७१ लाख ९८ हजार २०७ जनाले कोरोना भाइरसविरुद्धको खोपको कम्तीमा एक मात्रा लगाएका छन्। नयाँ प्रकारको कोरोना भाइरसको सङ्क्रमण तीव्र गतिमा फैलिँदा दोस्रो लहरको महामारीबाट भारतको स्वास्थ्य प्रणाली शिथिल बनेको छ।

अस्पतालमा शैचया तथा औषधि र अक्सिजनको अभाव हुँदा बचाउन सकिने सङ्क्रमितहरुको पनि ज्यान गएको स्वास्थ्यकर्मीले बताएका छन्।

१८ वर्षमाथिकालाई खोप लगाउन थालिएको भए पनि धेरै राज्यहरुले खोपको अभाव रहेको बताएका छन्। खोप उत्पादक सेरम इन्स्टिच्यूडका प्रमुखले यसअघि आज नै खोपको अभाव आउँदो जुलाईसम्मै कायम रहन सक्ने चेतावनी दिनुभएको छ।

# विश्व स्वास्थ्य संगठन प्रमुखद्वारा कोभिड-१९ खोप निर्माणमा सहकार्य आवश्यक

जेनेभा, २१ वैशाख (रासस/सिन्ह्वा)।

सङ्क्रमणको दर बढ्दै जाँदा र धेरै देशहरूमा खोप अभावको 'गम्भीर समस्या' सामना गर्नुपर्ने भन्दै खोप निर्माताले तत्कालका लागि बढी खोप उत्पादनका लागि बौद्धिक सम्पत्ती अधिकारलाई हटाउन सम्बन्धित कम्पनी र देशहरूलाई आग्रह गनुभएको छ।

टेड्रस अधानोम गेब्रेयससले सोमबार पत्रकार सम्मेलनमा भन्नुभयो, "यदि सामुहिक रूपमा धेरै व्यक्तिलाई खोप लगाई प्रतिरोधात्मक क्षमता विकास गर्दै छौं भने हामीसँग भएको खोपको मात्रा भन्दा जनसङ्ख्या बढी हुनेछ र अभाब लामो समयसम्म रहनेछ।"

"उत्पादन क्षमता बृद्धि हुनुपर्दछ। र यसै कारण बौद्धिक सम्पत्ति (आइपी) अधिकार माफी एकदम महत्वपूर्ण हुनेछ," उहाँले के यो परोपकारी मुद्दा होइन भन्दै खोप निर्माणलाई व्यापकता दिनुपर्नेमा जोड दिनुभयो।

त्यसैगरी बेलायतका पूर्व प्रधानमन्त्री गोर्डन ब्राउनले भन्नुभयो, "अफ्रिका र विश्वका अन्य भागहरूमा खोप उत्पादनको लागि खोपको आईपी अधिकारको अस्थायी रूपमा निलम्बन महत्वपूर्ण हुन सक्छ।"

दक्षिण अफ्रिका र भारतलगायत धेरै देशहरूले विश्वव्यापी रूपमा उत्पादनका लागि कोभिडल्भस्-१९ खोपहरूको आईपी अधिकार अस्थायी रूपमा निलम्बन गर्न आग्रह गरेका छन्।

गत हप्ता विश्व व्यापार संगठनले आईपी अधिकार माफीको बारेमा छलफल गरिरहेको थियो तर जेनेभामा अहिलेसम्म कुनै निश्चित निष्कर्ष हुनभने सकेको छैन।

बेलायतले २०२१ मा जी-७ राष्ट्रहरुको समूहको अध्यक्षता गरेको छ जुनमा जी-७ राष्ट्रको शिखर सम्मेलनको आयोजना गर्नेछ, टेड्रोस र ब्राउन दुबैले जी-७ सम्मेलनले आइपी अधिकारको अस्थायी माफीलाई कार्यान्वयनका लागि पहल गर्न कुरा राख्न आग्रह गर्नुभयो।

"अर्को महिना, बस्ने जी-७ देशका नेताहरूको बैठक इतिहासको सबैभन्दा महत्वपूर्ण बैठक हुनसक्नेछ," टेड्रोसले भन्नुभयो। जी-७ देशहरू विश्वका आर्थिक र राजनीतिकरूपमा शक्तिशाली मानिन्छन्। उनीहरू विश्वका धेरै खोप उत्पादन गर्ने मुलुकहरू पनि हुन्।

डब्ल्यूएचओ प्रमुखलाई प्रश्न गनुभयो, "यदि हामी अहिले यसलाई प्रयोग गर्न सक्दैनौं भने कहिले सक्छौं," डब्ल्यूएचओ प्रमुखले कोभिड-१९ को खोप उत्पादन जतिसक्दो चाँडो बढाउने सबै विकल्प" प्रयोग गर्नु पर्नेमा जोड दिँदै भन्नुभयो।

"आईपी अधिकार माफीको प्रावधान यस्तै आपतकालिन अवस्थाको लागि हो र यो अभूतपूर्व उपाय हो," उहाँले भन्नुभयो।

बेलायती पूर्व प्रधानमन्त्री ब्राउनले थप्नुभयो, "उनीहरूले सामूहिक रूपमा अस्थायी माफीलाई समर्थन गर्ने निर्णय लिन सकेमा कोभिड-१९ महामारी नियन्त्रणका लागि यो ठूलो उपलब्धी हुनेछ।"

# पत्रकार महासंघलाई सरसफाई सामाग्रि हस्तान्तरण



**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

नेपाल पत्रकार महासंघ सप्तरी शाखाको कार्यालय प्रयोजनका लागि सरसफाई क्षेत्रमा कार्यरत समेत रहेको सबल नेपाल नामक संस्थाले सरसफाई सामग्री उपलब्ध गराएको छ ।

सबल नेपालका निर्देशक दिपक झाले महासंघ सप्तरीका सभापति श्रवण कुमार देवलाई सो सरसफाई सामाग्रि मंगलबार हस्तान्तरण गरेका छन् ।

हस्तान्तरण गरिएको सामाग्रिहरुमा बाल्टिन ३ थान, जग ३ थान, हर्पिक ३ बोतल, फिनेल ३ बोतल, चर्पी ब्रस ३ थान, झाडु ३ थान, खुट्टा पुछ्ने डोरम्याट ३ थान, बेगन स्प्रे २ थान, डस्टबिन ६ थान र झोल सफा गर्ने कुचो २ थान रहेका महासंघका कोषाध्यक्ष नवीन गुप्ताले जानकारी दिए ।

सामाग्रि हस्तान्तरणपश्चात् महासंघका सभापति देवले सहयोगी संस्थालाई आगामी दिनहरुमा महासंघप्रति सहयोगको अपेक्षा राख्दै धन्यवाद दिएका थिए ।

# खाद्य स्वच्छताको आधारमा होटल स्तरियकरण तथा लोगो वितरण

**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

खाद्य स्वच्छताको आधारमा होटल स्तरियकरण तथा लोगो वितरण कार्यक्रमको मंगलबारदेखी राजविराजबाट शुभारम्भ गरिएको छ ।

राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले मंगलबार राजविराजस्थित होटल आई गार्डेनलाई ख (उत्तम) श्रेणीको लोगो टाँस गर्दै कार्यक्रमको उद्घाटन गरेका हुन् ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजद्वारा आयोजित कार्यक्रममा प्रमुख यादवले होटल संचालक राधेश्याम रमणलाई उक्त श्रेणीको प्रमाण पत्र समेत प्रदान गरे ।



होटल स्तरियकरण तथा लोगो वितरण कार्यकमका टोलीले राजविराजस्थित डिलक्स स्टार होटल, होटल माउण्ट ब्लु र थारु रिसोर्टलाई ग (संतोषजनक) श्रेणीको लोगो टाँस गरी होटल संचालकहरुलाई प्रमाण पत्र प्रदान गरिएको छ ।

यस्तै राजविराजस्थित न्यू श्रेष्ठ होटल र होटल राज तथा माँ भगवती मिष्टान भण्डार, वजरंगवली पेडा भण्डार, जय मातादी मिष्टान भण्डार, आदर्श स्वीटस, प्रकाश स्वीट कर्नर, प्रभु नास्ता पसलहरुलाई घ (सामान्य) श्रेणीको लोगो टाँस गरी प्रमाण पत्र प्रदान गरिएको खाद्य प्रविधी तथा गुण नियन्त्रण डिभिजन कार्यालयका प्रमुख सुरेश सिंहले जानकारी दिएका छन् ।

यता जय माँ भगवती स्वीट कर्नर र माँ भगवती स्वीट कर्नरमा खाद्य पदार्थमा मिसावट जाँच गर्ने सरल तरिकाको स्टीकर टाँस गरेको खाद्य प्रविधी तथा गुण नियन्त्रण डिभीजन कार्यलयका प्रमुख सिंहले बताए ।

सो टोलीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख सुरेश सिंह, जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकिय अधिकृत किशोर कुमार राम, उद्योग अधिकृत संतोष कुमार साह, स.उ.वा.सँघका कार्यालय सचिव ललित झा, राष्ट्रिय उपभोक्ता मंचका राजकुमार गुप्ता, न्यायीक उपभोक्ता मंचका रामकुमार यादव लगायत वडाध्यक्षहरु जयनारायण मण्डल र संजय यादव तथा संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

# चीनबाट २० हजार सिलिन्डर आउँदै

काठमाडौँ, २१ वैशाख (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चीनबाट २० हजार खाली सिलिन्डर ल्याउने भएको छ । कोभिड-१९ का बिरामीको उपचारमा अक्सिजन सिलिन्डरको अभाव हुन नदिनका लागि मन्त्रालयले चीनबाट २० हजार सिलिन्डर ल्याउने भएको हो । मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले अर्को हप्ता चीनबाट ती सिलिन्डर आउने जानकारी दिनुभयो ।

उहाँले मुलुकमा अक्सिजनको अभाव नभए पनि सिलिन्डर नहुँदा समस्या परेको बताउनुभयो । “हामीसँग अक्सिजन ग्यासको कमी छैन”, उहाँले भन्नुभयो, “तर सिलिन्डर नहुँदा बिरामीका लागि अक्सिजन पुऱ्याउन कठिन भएको हो ।” मन्त्रालयले प्राणवायु ( अक्सिजन)को सहज व्यवस्थापनका लागि तयारी अवस्थामा रहन अस्पताललाई निर्देशन दिएको छ ।

मन्त्रालयले अस्पताल र सर्वसाधारणलाई खाली सिलिन्डर मौज्दात (होल्ड) नराख्न अनुरोध गरेको छ । नेपालमा अहिले देशभरका ३० अस्पतालमा अक्सिजन प्लान्ट जडान गरिएका छन् । ती अस्पतालबाट दैनिक दुई हजार ५४९ सिलिन्डर भर्नसक्ने क्षमता रहेको मन्त्रालयले जनाएको छ । केही अस्पतालमा लिक्विड अक्सिजन टयाङ्कसमेत जडान गरिएको छ । अस्पतालसँग छ हजारभन्दा बढी र अक्सिजन बिक्रेताले दैनिक आठ हजार सिलिन्डर भर्न सक्ने क्षमता रहेको छ ।

# धनुषामा निषेधाज्ञा

जनकपुरधाम, २१ वैशाख (रासस) ।

कोराना सङ्क्रमितको सङ्ख्या बढ्दै गएको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय धनुषाले मंगलबारदेखि जिल्लाभर निषेधाज्ञा जारी गरेको छ ।

प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाका अनुसार बिहान ६ बजेदेखि राति १२ बजेसम्मका लागि निषेधाज्ञा जारी गरिएको हो ।

वैशाख ३१ गतेसम्मका लागि जारी निषेधाज्ञा अवधिमा अत्यावश्यक सेवाबाहेकका सबै सेवा बन्द गरिएको जनाइएको छ ।

कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*